**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति**

बैठक संख्याः २७७

मितिः २०८१/१०/२९

समयः बिहान ११:०० बजे

प्रारम्भः बिहान ११:१० बजे

अन्त्यः दिनको १:३५ बजे

<u>छलफल एवं निर्णयः</u>

१) समितिको आज मिति २०८१/१०/२९ गते मंगलबार बसेको बैठकमा सिमेन्ट लगायतका निर्माण सामग्री एवम् खाद्यवस्तुको मूल्यवृद्धिका सम्बन्धमा माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी, वाणिज्य तथा आपूर्ति सचिव गोविन्द बहादुर कार्की, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक, अर्थ मन्त्रालयका प्रतिनिधि, राष्ट्रिय उपभोक्ता मञ्च तथा उपभोक्ता जागरण अभियान नेपालका प्रतिनिधिसँग छलफल भयो ।

२) लोडसेडिङको कारणले समेत सिमेन्टको मूल्यवृद्धि भएको भन्ने छलफलको क्रममा आएकोले औद्योगिक क्षेत्रमा विद्युत आपूर्तिको विषयमा उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयसँग छलफल गर्ने निर्णय भयो ।

३) सिमेन्टको उत्पादन लागतका सम्बन्धमा अध्ययन गर्न मन्त्रालयले गठन गरेको अध्ययन समितिले प्रतिवेदन पेश गरेपछि समितिमा माग गरी छलफल गर्ने निर्णय भयो ।

४) समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति